# तिलागुफा नगरपालिकाको विनियोजन ऐन २०७५

**प्रमाणिकरण मिति :२०७५/०२/२०**

तिलागुफा नगरपालिका कालिकोटको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप (धारा (२)बमोजिम तिलागुफा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम " तिलागुफा नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू , पूँजिगत र बित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु. ३५,३५,७०,०००।- (अक्षेरुपी पैतिस करोड पैतिस लाख सत्तरी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त तिलागुफा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्थापन अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत र वित्तीय व्यवस्थापनको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट अर्को शीर्षकमा बजेट सार्दा सो शिर्षकमा स्वीकृत जम्मा रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) नगर सभाबाट विनियोजित बजेट तथा कार्यक्रममा आंशिक संशोधन तथा परिमार्जन गर्नु पर्ने अवस्था आएमा सो संशोधन तथा परिमार्जन गर्ने अधिकार अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

अनुसूची (१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| शिर्षक | चालु | पूँजीगत | कूल विनियोजन रकम |
|---|---|---|---|
| विनियोजन | १७,६०,००,००० | १७,७५,७०,००० | ३५,३५,७०,००० |
| | - | - | - |
| | - | - | - |
| | - | - | - |
| **कूल जम्मा आय** | १७,६०,००,००० | १७,७५,७०,००० | ३५,३५,७०,००० |

आज्ञाले ,

गोविन्द प्रसाद पाण्डे

प्रमुख प्रशासकीय अधिकृत